# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०७।२९ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

भैरवमाला राष्ट्रिय माध्यमिक विद्यालय, सुगरखाल-५, कैलालीका प्र.अ. तथा पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरी जैसी समेतले विद्यालयमा भएको विभिन्न शिर्षकको रकममा अनियमितता तथा भ्रष्टाचार गरेको भन्ने विषयको उजुरी एवम् निवेदन उपर अनुसन्धान हुँदा विद्यालयका तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष हरी जैसीले रू.१,४८,०००/-(एकलाख अठ्चालिस हजार) हिनामिना गरेको पुष्टी हुन आएकोले निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई विगो रू.१,४८,०००/-(एकलाख अठ्चालिस हजार) कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

साथै सोही विद्यालयका तत्कालिन व्यवस्थापन समितिका अध्यक्ष भुमि प्रसाद जैसी र प्र.अ. मोतीराम जैसीले अन्य शिक्षकको अध्यापन अनुमतिपत्रको प्रयोग गरी निजहरूको सट्टामा निजी स्रोतका शिक्षकहरूबाट पठनपाठन गराउन लगाएर निजहरूको नामबाट नेपाल सरकारको रु.१८,३४,३८०। -(अठ्ठार लाख चौतिस हजार तीन सय असी) निकासा गराई सो रकमबाट निजी स्रोतका शिक्षकहरूलाई तलब खुवाई सरकारी रकम हिनामिना गरेको पुष्टी भएकोले निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ३ बमोजिम कसूर गरेको पुष्टी हुन आएको हुँदा निज अध्यक्ष भुमी प्रसाद जैसी र प्र.अ. मोतीराम जैसीलाई ऐ. ऐनको दफा ८ को उपदफा ३ बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी